<u>बैठक संख्या १६१</u>

<u>मिति २०८२/१२/२२</u>

<u>नगरकार्यपालिका बैठकका निर्णयहरु</u>

<u>निर्णय नं. १</u>

मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचिको बुँदा नं ९० (ख) मा समावेश भएको कृषि उपजको भण्डारण तथा बजारीकरण सुधारका लागि "एक पालिका, एक चिस्यान केन्द्र" र प्रत्येक पालिकामा साप्ताहिक कृषि हाटबजार सञ्चालन कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/१२/१७ को पत्रानुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट माग भए बमोजिम यस नगरपालिकामा कृषि हाटबजार र चिस्यान केन्द्र पूर्वाधारको हालको अवस्था र थप पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता एवम् समभाव्यता सम्बन्धमा तपसिल बमोजिमको विवरण सहित सिफारीस गरी पठाउने निर्णय गरियो ।

क) चिस्यान केन्द्र सम्बन्धमा

| क.स | विवरण | |
|---|---|---|
| १ | हाल स्थानिय तहमा चिस्यान केन्द्र उपलब्ध रहे/नरहेको<br><br>(रहेको भएमा के-कति वटा रहेको र कस्तो अवस्थामा रहेको: | निजि क्षेत्रले संचालन गरेको आलुको चिस्यान केन्द्र २ वटा रहेको। १ वटामा चौथो र पाँचौ तल्लामा समस्या रही गत दुई बर्षदेखि आलुको बिउ कुहिने समस्या रहेको । |
| २ | सम्बन्धित स्थानिय तहमा चिस्यान केन्द्र स्थापना गर्न आवश्यक हो वा होइन | आलु र तरकारीको लागि वहुउद्देशिय चिस्यान केन्द्र स्थापना गर्न आवश्यक रहेको। |
| | चिस्यान केन्द्र स्थापना आवश्यक रहेको सन्दर्भमा | |
| ३ | स्थापना गरिने चिस्यान केन्द्रको अनुमानित क्षमता (मे.टन) | ५००० मे.टन |
| ४ | चिस्यान केन्द्र निर्माणका लागि जग्गा उपलब्धता भए/नभएको र सम्भावित जग्गाको स्वामित्व/लालपुर्जाको अवस्था (सरकारी वा निजि) | सार्वजनिक/सरकारी |
| ५ | चिस्यान केन्द्र निर्माण गर्नका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने क्षेत्रफल(कठ्ठा/रोपनी) | १५ रोपनी |

| | | |
|---|---|---|
| ६ | चिस्यान केन्द्र निर्माण हुने स्थलमा सडक/यातायात सुविधा भए/नभएको | भएको |
| ७ | चिस्यान केन्द्र संचालनका लागि विद्युत सेवा उपलब्ध भए/नभएको | भएको |
| ८ | चिस्यान केन्द्र निर्माणका लागि आवश्यक अनुमानित कुल लागत रकम रु. | २०००००००.०० |
| ९ | स्थानिय तह आफैंले निर्माण गर्ने सन्दर्भमा चिस्यान केन्द्र निर्माणका लागि आवश्यक कुल लागतमा स्थानिय तहबाट ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चितता रहे/नरहेको | ५० प्रतिसत लागत साझेदारी रहेको |
| १० | निजि क्षेत्र/सहकारीबाट निर्माण/सञ्चालन हुने चिस्यान केन्द्रका हकमा निजि क्षेत्र/सहकारीबाट ५० प्रतिशत लागत साझेदारी हुन साक्ने/नसक्ने | सक्ने |
| ११ | चिस्यान केन्द्रमा भण्डार गरिने स्थानिय कृषि बालि/वस्तुहरुको विवरण तथा अनुमानित परिमाण (मे.टन) | |

ख) सासाहिक कृषि हाटबजार सञ्चालन सम्बन्धमा

| क.सं. | विवरण | |
|---|---|---|
| १ | हाल स्थानीय तहमा रहेका कृषि हाट बजारको सङ्ख्या | हाल हाटबजार नरहेको |
| २ | कृषि हाटबजार सञ्चालन हुने दिन/बार | नरहेको |
| ३ | हालको कृषि हाटबजारमा पूर्वाधारको अवस्था ९स्टलसङ्ख्या र अन्य पूर्वाधारको अवस्था० | साविकको कृषि बजार प्रबर्द्धन तथा बजार विकास निर्देशनालय, हरिहरभवन, ललितपुरले २०५७ सालमा कृषि उपज सङ्कलन केन्द्र, पाँचखाल स्थापना गरेको, सङ्घीयता पश्चात पाँचखाल नगरपालिकाले उक्त बजारको मर्मत सम्भार तथा बजार |

Mahesh

निर्मल कुमार

| | | |
|---|---|---|
| | | सञ्चालनका निम्ति पाँचखाल नगरपालिकाको स्टल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम बजार सञ्चालन तथा व्यवस्थापन समिति गठन गरी कृषि उपज सङ्कलन तथा बजार केन्द्र सञ्चालनको जिम्मेवारी उक्त समितिलाई प्रदान गरिएको जसमा अस्थायी प्रकृतिको तामाघाट-बोहोरेदोभान सडक खण्डको अगाडि पट्टी ९ वटा र पछाडिपट्टी ९ वटा गरी कूल **१८ वटा स्टल** रहेको। अगाडिको ९ वटा स्टल मध्य ८ वटा स्टल हाल सञ्चालनमा रहेकोमा पछाडिका स्टलहरुमा हाट बजार सञ्चालनको सम्भावना रहेको। बजारमा उपलब्ध पूर्वाधारहरुको हकमा कृषि उपज सङ्कलन भवन, शौचालय, खानेपानी, फोहोर व्यवस्थापन जस्ता पूर्वाधारहरु हाल रहेको छ। कृषि उपज सङ्कलन भवन तथा स्टलहरुको थप मर्मत तथा स्तरोन्नती लगायत हाट बजार सञ्चालनका लागि थप खुल्ला स्टलहरु निर्माण गर्न आवश्यक रहेको। |
| ४ | नयाँ कृषि हाटबजार सञ्चालन गर्न आवश्यक भएमा के-कति वटा कृषि हाट बजार निर्माण/सञ्चालन आवश्यक रहेको | पाँचखाल न.पा. क्षेत्रमा एक वटा हाट बजार सञ्चालन गर्न आवश्यकता रहेको। |
| ५ | कृषि हाटबजार निर्माणका लागि जग्गा उपलब्धता भए/नभएको र उपलब्ध हुने जग्गाको स्वामित्व/लालपूर्जाको अवस्था | जग्गा उपलब्ध रहेको। पाँचखाल वडा नं ४ स्थित कृषि उपज सङ्लन तथा बजार केन्द्र भित्र हाट बजार सञ्चालन गर्न सकिने सम्भावना रहेको। हाल जग्गाको स्वामित्व बागमती प्रदेश सरकार, कृषि विकास निर्देशनालय अन्तर्गतको बागवानी विकास केन्द्र, पाँचखालको नाममा रहेको। |
| ६ | कृषि हाटबजार निर्माण गर्नका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने जग्गाको क्षेत्रफल ९कठ्ठा/रोपनी० | कृषि उपज सङ्कलन केन्द्रको जग्गा - करिब ७ रोपनी क्षेत्रफल रहेको। |
| ७ | कृषि हाटबजार स्थापना हुने स्थलमा विद्युत, सडक/यातायात लगायतको आधारभुत सेवा सुविधाको अवस्था रहे/नरहेको | विद्युत, पक्की सडक, यातायात, सौचालय तथा खानेपानीको सेवा सुविधा रहेको। |

| | | |
|---|---|---|
| ८ | कृषि हाटबजार पूर्वाधार निर्माणका लागि आवश्यक अनुमानित कुल लागत रकम रु. | २000000.00 |
| ९ | कृषि हाटबजार निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चिता रहे/नरहेको | सुनिश्चिता रहेको |

निर्णय नं. २

पाँचखाल मा उत्पादित ताजा तरकारीले वजारमा उचित मुल्य नपाउँदा कृषकहरुको लगानी पनि उठ्न नसकेको अवस्था रहेकोले नगरपालिका कार्यालयले कृषकहरुको हितलाई ध्यानमा लिई कृषि उत्पादनको ग्रेडिङ,प्याकेजिङ लगायतका कार्यहरु गर्न सकिएमा राम्रो बजार मुल्य पाउन सकिने बुझि विभिन्न संघ,संस्था, सहकारी, व्यवसायिक व्यक्ति र यस नगरपालिकाको साझेदारीमा मण्डि स्थापना गरी उपरोक्त अनुसारको कार्य गर्न चाहने संघ,संस्था, सहकारी, व्यवसायिक व्यक्तिहरु लाई प्रस्ताव पेश गर्न आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं. ३

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता गर्ने निर्णय गरियो।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | काले चर्मकार | पा.न.पा.९ | १0000 | हावाहुरिले घरको छाना उडाएको |
| २. | उद्दव हमाल | पा.न.पा.८ | १0000 | मोटर साईकल दुर्घटना |
| ३. | देव कुमारी लुईटेल | पा.न.पा.५ | १0000 | स्थन क्यानसर |
| ४. | लाल वहादुर श्रेष्ठ | पा.न.पा.६ | १0000 | घर आगलागी |

निर्णय नं. ४ विविध

१.पाँचखाल नगरपालिका भित्र रहेका खानेपानी उपभोक्ता समितिहरुलाई एकिकरण गरि एक द्वार पद्दति र संरचनावाट संचालन गरी आम नगरवासीमा स्वच्छ सफा एवं गुणस्तरिय खानेपानी उपलव्ध गराउन सम्वन्धित पक्षहरु बिच छलफल एवं अन्तरक्रिया आयोजना गर्ने निर्णय गरियो।

२.परामर्श शिर्षकवाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिकाको राजश्व सुधार कार्य योजना तयार गर्न आवस्यक प्रकृया अघि वढाउने निर्णय गरियो ।

३.प्राविधिक ईष्टिमेट वमोजिम नगर स्तरिय आकस्मिक शिर्षकवाट भुक्तानी हुने गरी ज्ञानेश्वर मा.वि.मा खानेपानीको पाईप उपलव्ध गराउने ।

निर्णय प्रमाणित